विधेयकमा प्राप्त संशोधनका सूचनाहरूको एकीकृत विवरण

(प्रतिनिधि सभा नियमावली, २०८३ को नियम ११४ सँग सम्बन्धित)

विधेयकको नामः राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय विधेयक, २०८३

संशोधनको सूचना पेस गर्नुहुने माननीय सदस्यहरू (दर्ताको क्रमअनुसार)

दर्ता नं.	माननीय सदस्यहरूको नाम, थर
१.	मा. परशुराम तामाङ्ग
२.	मा. प्रा. डा. पुष्पराज कडेल
३.	अस्वीकृत
४.	मा. भरत प्रसाद पराजुली
५.	मा. रन्जु न्यौपाने
६.	मा. कमल सुबेदी
७.	मा. बलावती शर्मा
८.	मा. गंगादेवी श्रेष्ठ
९.	मा. डा. राम लामा
१०.	मा. सुशील खड्का
११.	मा. नीतिमा भण्डारी (कार्की)
१२.	मा. गुरु प्रसाद बराल
१३.	मा. ऐन बहादुर महर
१४.	मा. गणेश पराजुली

संशोधनको विवरण

क्र.स.	माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा	संशोधनको बेहोरा
१.	मा. कमल सुबेदी	**प्रस्तावना**	**प्रस्तावनामा रहेका,** - "राष्ट्रिय सुरक्षा, प्रतिरक्षा, अन्तर्राष्ट्रिय सम्बन्ध र सामरिक विषयमा उच्चस्तरीय अध्ययन, अध्यापन तथा अनुसन्धान" भन्ने शब्दहरूपछि "नागरिक-सैन्य सम्बन्ध, शान्ति तथा द्वन्द्व अध्ययन, विपद् व्यवस्थापन, साइबर सुरक्षा, जलवायु तथा वातावरणीय सुरक्षा, मानवीय सुरक्षा, प्रविधि तथा उदीयमान सुरक्षा चुनौतीका विषयमा तथ्यमा आधारित, स्वतन्त्र, बहुविषयक तथा अनुसन्धानमुखी ज्ञान उत्पादन र जनशक्ति विकास गर्न" भन्ने शब्दहरू थप गर्नुपर्ने।
२.	मा. गणेश पराजुली	**प्रस्तावना**	**प्रस्तावनाको सट्टा देहायको प्रस्तावना राखुपर्नेः-** **प्रस्तावनाः** "राष्ट्रिय हित, संविधान, लोकतान्त्रिक मूल्य, मानव अधिकार र विधिको शासनको संरक्षण तथा प्रवर्धनमा योगदान पुऱ्याउन सक्ने रणनीतिक नेतृत्व र ज्ञान उत्पादन गर्ने उद्देश्यले राष्ट्रिय सुरक्षा, प्रतिरक्षा, कूटनीति, अन्तर्राष्ट्रिय सम्बन्ध, सामरिक तथा उदीयमान सुरक्षा चुनौतीका विषयमा उच्चस्तरीय अध्ययन, अध्यापन, प्रशिक्षण, अनुसन्धान, नीति विश्लेषण र ज्ञान प्रसार गर्ने स्वायत्त तथा बहुविषयक प्राज्ञिक केन्द्रका रूपमा राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालयको स्थापना र सञ्चालनका सम्बन्धमा कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,"
३.	मा. डा. राम लामा	२	**खण्ड (ङ) पछि देहायको खण्ड (ङ१) थप गर्नुपर्नेः-** "(ङ१) "गुठी" भन्नाले दफा ९क बमोजिमको विश्वविद्यालय सञ्चालन गुठी (बोर्ड अफ ट्रष्टी) सम्झनुपर्छ।" **खण्ड (झ) पछि देहायको खण्ड (झ१) थप गर्नुपर्नेः** "(झ१) "महाशाखा" भन्नाले दफा १८ बमोजिमको मानव संसाधन महाशाखा सम्झनुपर्छ।
४.	मा. परशुराम तामाङ्ग	३	**ठाउँठाउँमा रहेका** - "विश्वविद्यालय" भन्ने शब्दको सट्टा "प्रतिष्ठान" भन्ने शब्द राखुपर्ने।

क्र.स.	माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा	संशोधनको बेहोरा
			<u>उपदफा (२) मा रहेको,</u> - "युनिभर्सिटी" भन्ने शब्दको सट्टा "एकेडेमी" भन्ने शब्द राखुपर्ने।
५.	मा. कमल सुबेदी	३	**<u>देहायको उपदफा (४) थप गर्नुपर्नेः-</u>** "(४) विश्वविद्यालयले राष्ट्रिय सुरक्षा तथा प्रतिरक्षासम्बन्धी अध्ययन, अध्यापन र अनुसन्धान गर्दा संविधान, कानुन, मानव अधिकार, अन्तर्राष्ट्रिय कानुन, लोकतान्त्रिक मूल्य, नागरिक सर्वोच्चता, राष्ट्रिय हित तथा शान्तिपूर्ण सहअस्तित्वका मान्यतालाई आधार मान्नेछ।"
६.	मा. प्रा. डा. पुष्पराज कडेल	४	**<u>उपदफा (१) मा रहेका,</u>** - "स्वायत्त, स्वशासित र सङ्गठित संस्था" भन्ने शब्दहरूपछि "तथा शैक्षिक, प्राज्ञिक र अनुसन्धानात्मक रूपमा स्वायत्त" भन्ने शब्दहरू थप गर्नुपर्ने।
७.	मा. कमल सुबेदी	४	**<u>देहायको उपदफा (४) थप गर्नुपर्नेः-</u>** "(४) विश्वविद्यालयले आफ्नो शैक्षिक, प्राज्ञिक तथा अनुसन्धानसम्बन्धी कार्यमा प्रचलित कानुनको अधीनमा रही शैक्षिक स्वायत्तता, अनुसन्धानको स्वतन्त्रता र प्रमाणमा आधारित ज्ञान उत्पादनको सुनिश्चितता गर्नेछ।"
८.	मा. बलावती शर्मा	४	**<u>उपदफा (१) मा देहायका शब्दहरू थप गर्नुपर्नेः-</u>** - "विश्वविद्यालयको प्राज्ञिक अध्ययन, अध्यापन, अनुसन्धान तथा बौद्धिक विचार अभिव्यक्तिमा कुनै पनि राजनीतिक वा गैरप्राज्ञिक हस्तक्षेप हुने छैन र यसलाई पूर्ण प्राज्ञिक स्वायत्तता प्रदान गरिनेछ।"
९.	मा. गणेश पराजुली	४	**<u>देहायका उपदफा (४) र (५) थप गर्नुपर्नेः-</u>** "(४) विश्वविद्यालयलाई यस ऐन तथा प्रचलित कानुनको अधीनमा रही प्राज्ञिक, अनुसन्धान, प्रशासनिक र वित्तीय स्वायत्तता हुनेछ। (५) पाठ्यक्रम, अनुसन्धानको विषय, अनुसन्धान विधि, शैक्षिक मापदण्ड, परीक्षा, प्राज्ञिक मूल्याङ्कन, प्रकाशन तथा प्राज्ञिक बहससम्बन्धी निर्णयमा विश्वविद्यालयको प्राज्ञिक स्वतन्त्रता रहनेछ। तर प्रचलित

क्र.स.	माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा	संशोधनको बेहोरा
			कानुनबमोजिम वर्गीकृत वा गोप्य सूचनाको संरक्षण, राष्ट्रिय सुरक्षा तथा वैधानिक गोपनीयताको दायित्व यथावत रहनेछ।"
१०.	मा. परशुराम तामाङ्ग	५	उपदफा (१) को खण्ठ (घ) मा रहेका, - "संस्थान" भन्ने शब्दको सट्टामा "सङ्काय" शब्द राखुपर्ने।
११.	मा. डा. राम लामा	५	**<u>उपदफा (१) को खण्ड (क) पछि देहायको खण्ड (क१) थप गर्नुपर्नेः-</u>** "(क१) विश्वविद्यालय सञ्चालन गुठी (बोर्ड अफ ट्रष्टी)"
१२.	मा. परशुराम तामाङ्ग	७	**<u>उपदफा (१) को खण्ड (झ), (ञ),(ट), (ठ),(ण), (त) र (ध)</u>** झिकी त्यसपतिका खण्डक्रम मिलाउनुपर्ने। **<u>खण्ड (द) मा रहेका,</u>** - "तीनजना" भन्ने शब्दको सट्टा "समावेशीसहित सात जना" भन्ने शब्दहरू राखुपर्ने। **<u>उपदफा (३) मा रहेका,</u>** - "तीन वर्ष" भन्ने शब्दहरूका सट्टा "चार वर्ष" भन्ने शब्दहरू राखुपर्ने।
१३.	मा. भरत प्रसाद पराजुली	७	**<u>उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखुपर्नेः-</u>** "(२) सभाको गठन देहायबमोजिम हुनेछः- (क) कुलपति -अध्यक्ष (ख) रक्षा मन्त्री -सह-अध्यक्ष (ग) गृह मन्त्री -सदस्य (घ) शिक्षा तथा खेलकुद मन्त्री -सदस्य (ङ) विश्वविद्यालय अनुदान आयोग -सदस्य (च) मुख्य सचिव, नेपाल सरकार -सदस्य (छ) प्रधान सेनापति, नेपाली सेना -सदस्य (ज) सदस्य, राष्ट्रिय योजना आयोग (रक्षासम्बन्धी विषय हेर्ने) -सदस्य (झ) उपकुलपति -सदस्य

क्र.स.	माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा	संशोधनको बेहोरा
			(ञ) सङ्घीय कानुन अन्तर्गत स्थापना भएका अन्य विश्वविद्यालयका उपकुलपति मध्येबाट प्राज्ञिक परिषद्को सिफारिसमा कुलपतिले मनोनयन गरेको एकजना -सदस्य (ट) सचिव, अर्थ मन्त्रालय -सदस्य (ठ) सचिव, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय -सदस्य (ड) सचिव, गृह मन्त्रालय -सदस्य (ढ) सचिव, परराष्ट्र मन्त्रालय -सदस्य (ण) सचिव, मन्त्रालय -सदस्य (त) सचिव, शिक्षा तथा खेलकुद मन्त्रालय -सदस्य (थ) डीन -सदस्य (द) शिक्षाधिकृत (कमान्डान्ट) -सदस्य (ध) केन्द्र प्रमुख -सदस्य (न) राष्ट्रिय सुरक्षा, प्रतिरक्षा, सामरिक अध्ययन, अन्तर्राष्ट्रिय सम्बन्ध, अन्तर्राष्ट्रिय कानुन वा कूटनीति सम्बन्धी विषयका विज्ञहरू मध्येबाट प्राज्ञिक परिषद्को सिफारिसमा कुलपतिले मनोनयन गरेको एकजना महिलासहित तीनजना -सदस्य (प) रजिष्ट्रार -सदस्य-सचिव
१४.	मा. रन्जु न्यौपाने	७	<u>उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखुपर्नेः-</u> "(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि, उपदफा (१) को खण्ड (ख) र (द) बमोजिमका सदस्यले जिम्मेवारीपूर्वक कार्य नगरेमा, निजको कार्यसम्पादन सन्तोषजनक नदेखिएमा वा विश्वविद्यालयको हितविपरीत हुने कुनै कार्य गरेमा त्यस्तो सदस्यलाई सभाले जुनसुकै बखत हटाउन सक्नेछ र रिक्त पदमा पुनः बाँकी कार्यकालका लागि तोकिएबमोजिम अर्को सदस्य मनोनयन गर्न सकिनेछ।"

क्र.स.	माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा	संशोधनको बेहोरा
१५.	मा. कमल सुबेदी	७	<u>उपदफा (२) को खण्ड (द) को सट्टा देहायको खण्ड (द) राख्नुपर्नेः-</u> "(द) दुई जना महिला र एक जना नागरिक क्षेत्रका उच्च शिक्षा/अनुसन्धान विज्ञसहित राष्ट्रिय सुरक्षा, प्रतिरक्षा, सामरिक अध्ययन, अन्तर्राष्ट्रिय सम्बन्ध, अन्तर्राष्ट्रिय कानुन वा कूटनीतिका विज्ञमध्येबाट कम्तीमा पाँच जना -सदस्य <u>उपदफा (२) को अन्त्यमा देहायका शब्दहरू थप गर्नुपर्नेः-</u> - "सदस्य मनोनयन गर्दा लैङ्गिक तथा सामाजिक समावेशिता, विषयगत विशेषज्ञता र नागरिक-सैन्य सन्तुलन कायम गर्नु पर्नेछ।"
१६.	मा. डा. राम लामा	७	<u>उपदफा (२) को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) थप गर्नुपर्ने-</u> "(ख) रक्षा मन्त्री -सदस्य"
१७.	मा. सुशील खड्का	७	<u>उपदफा (२) को खण्ड (द) को सट्टा देहायको खण्ड (द) राख्नुपर्नेः-</u> "(द) राष्ट्रिय सुरक्षा, प्रतिरक्षा, सामरिक अध्ययन, अन्तर्राष्ट्रिय सम्बन्ध, अन्तर्राष्ट्रिय कानुन, कूटनीति, अर्थतन्त्र, ऊर्जा, विज्ञान तथा प्रविधि, साइबर सुरक्षा, जलवायु, विपद् व्यवस्थापन वा महत्त्वपूर्ण पूर्वाधार सम्बन्धी विषयका विज्ञहरूमध्येबाट प्राज्ञिक परिषद्को सिफारिसमा कुलपतिले मनोनयन गरेको एकजना महिलासहित तीनजना -सदस्य"
१८.	मा. नीतिमा भण्डारी (कार्की)		
१९.	मा. गुरु प्रसाद बराल	७	<u>उपदफा (२) को खण्ड (द) मा देहायका शब्दहरू थप गर्नुपर्नेः-</u> - "नेपाल प्रहरी, सशस्त्र प्रहरी, निजामती प्रशासन, परराष्ट्र, शिक्षा तथा सुरक्षा अनुसन्धान क्षेत्रका विज्ञ"
२०.	मा. ऐन बहादुर महर	७	<u>उपदफा (२) को खण्ड (ख) मा रहेको,</u> - "रक्षा मन्त्री" भन्ने शब्दहरूको सट्टा "शिक्षा मन्त्री" भन्ने शब्दहरू राख्नुपर्ने। <u>खण्ड (ङ) पछि देहायका खण्ड (ङ१), (ङ२), (ङ३) र (ङ४) थप गरी त्यसपछिको खण्डक्रम मिलाउनुपर्नेः-</u>

क्र.स.	माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा	संशोधनको बेहोरा
			(ङ१) प्रहरी महानिरीक्षक -सदस्य (ङ२) सशस्त्र प्रहरी महानिरीक्षक -सदस्य (ङ३) मुख्य अनुसन्धान निर्देशक (रा.अ.वि.) -सदस्य (ङ४) विद्यार्थी वा शिक्षार्थी प्रतिनिधि -सदस्य
२१.	मा. गणेश पराजुली	७	**<u>उपदफा (२) को खण्ड (द) को सट्टा देहायको खण्ड (द) राखुपर्नेः-</u>** "(द) राष्ट्रिय सुरक्षा वा प्रतिरक्षा, अन्तर्राष्ट्रिय सम्बन्ध वा कूटनीति, सार्वजनिक नीति वा अर्थ/ऊर्जा सुरक्षा, साइबर/प्रविधि वा सूचना सुरक्षा, अन्तर्राष्ट्रिय कानुन वा मानव अधिकारमध्ये फरक-फरक विषयगत पृष्ठभूमि प्रतिनिधित्व हुने गरी प्राज्ञिक परिषद्को सिफारिसमा कुलपतिले मनोनयन गरेको कम्तीमा एकजना महिलासहित तीनजना त्यसमध्ये कम्तीमा दुईजना गैरसैनिक प्राज्ञिक, अनुसन्धानकर्ता वा विषयविज्ञ -सदस्य"
२२.	मा. भरत प्रसाद पराजुली	८	**<u>उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखुपर्नेः-</u>** "(१) सभाको बैठक कम्तीमा वर्षमा दुई पटक अनिवार्य र आवश्यकता अनुसार जुनसुकै बखत बस्न सक्नेछ ।"
२३.	मा. रन्जु न्यौपाने	८	**<u>उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखुपर्नेः-</u>** "(१) सभाको बैठक सुरुवाति ५ वर्षमा कम्तीमा वर्षमा ३ पटक र आवश्यकताअनुसार जुनसुकै बखत बस्नेछ।"
२४.	मा. डा. राम लामा	८	**<u>उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखुपर्नेः-</u>** "(२) सभाको बैठकको अध्यक्षता अध्यक्षले र अध्यक्षको अनुपस्थितिमा सभाका सदस्यले आफूमध्येबाट छानेको सदस्यले गर्नेछ।" **<u>उपदफा (३) मा रहेको स्पष्टीकरण खण्डको सट्टा देहायको स्पष्टीकरण खण्ड राख्नुपर्नेः-</u>**

क्र.स.	माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा	संशोधनको बेहोरा
			<u>"स्पष्टीकरणः</u> यस दफाको प्रयोजनको लागि "सदस्य" भन्नाले सभाको सदस्य सम्झनुपर्छ र सो शब्दले सभाको अध्यक्ष सदस्य-सचिवलाई समेत जनाउँछ।"
२५.	मा. कमल सुबेदी	९	<u>देहायको खण्ड (घ) थप गर्नुपर्नेः-</u> "(घ) विश्वविद्यालयको शैक्षिक गुणस्तर, अनुसन्धानको स्वतन्त्रता, अन्तर्राष्ट्रिय शैक्षिक सहकार्य तथा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय accreditation को व्यवस्था सुनिश्चित गर्ने।
२६.	मा. डा. राम लामा	दफा थप	<u>दफा ९ पछि देहायको दफा ९क. थप गर्नुपर्नेः-</u> "९क. <u>विश्वविद्यालय सञ्चालन गुठी (बोर्ड अफ ट्रष्टी) को गठन तथा काम, कर्तव्य र अधिकारः</u> (१) विश्वविद्यालयको दिगो विकास गर्न र उपकुलपति तथा रजिस्ट्रारको नियुक्तिको सिफारिसगर्न देहायबमोजिमको एक विश्वविद्यालय सञ्चालन गुठी (बोर्ड अफ ट्रष्टी) रहनेछ :- (क) राष्ट्रिय सुरक्षा, प्रतिरक्षा वा शिक्षा क्षेत्रमा प्रतिष्ठित व्यक्तिमध्येबाट नेपाल सरकारले तोकेको एकजना -अध्यक्ष (ख) अध्यक्ष, विश्वविद्यालय अनुदान आयोग -सदस्य (ग) सदस्य, राष्ट्रिय योजना आयोग (शिक्षासम्बन्धी विषय हेर्ने) -सदस्य (घ) राष्ट्रिय सुरक्षा, प्रतिरक्षा, सामरिक अध्ययन, अन्तर्राष्ट्रिय सम्बन्ध, शिक्षा, कानुन वा व्यवस्थापन क्षेत्रका विज्ञमध्येबाट प्राज्ञिक परिषद्को सिफारिसमा कुलपतिले मनोनयन गरेका कम्तीमा एकजना महिलासहित तीनजना -सदस्य (ङ) सचिव, मन्त्रालय -सदस्य-सचिव (२) उपदफा (१) को खण्ड (क) र (घ) बमोजिमका सदस्यको पदावधि तीन वर्षको हुनेछ, र दफा ३१ बमोजिम अयोग्य नभएको तथा दफा ७ को उपदफा (५) को खण्ड (क), (ख) र (ग) बमोजिमको योग्यता पुगेको व्यक्ति मात्र मनोनयन हुन सक्नेछ।

क्र.स.	माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा	संशोधनको बेहोरा
			(३) उपदफा (१) को खण्ड (क) वा (घ) बमोजिमको सदस्यले जिम्मेवारीपूर्वक कार्य नगरेमा वा विश्वविद्यालयको हित विपरीत कार्य गरेमा सभाले निजलाई सफाइ पेस गर्ने मनासिब मौका दिई पदबाट हटाउन सक्नेछ। (४) यस ऐनमा अन्यत्र उल्लेख भएको अतिरिक्त गुठीको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :- (क) दफा २४ बमोजिम उपकुलपति र रजिस्ट्रारको नियुक्तिका लागि सिफारिस गर्ने, (ख) विश्वविद्यालयको दीर्घकालीन रणनीतिक तथा दिगो विकास योजना तर्जुमामा सभा र उपकुलपतिलाई परामर्श दिने, (ग) विश्वविद्यालयको स्रोत परिचालन र संस्थागत सुदृढीकरणमा सहयोग गर्ने, (घ) तोकिएबमोजिमका अन्य कार्य गर्ने। (५) गुठीले विश्वविद्यालयको दैनिक शैक्षिक तथा प्रशासनिक कार्यमा हस्तक्षेप गर्ने छैन। (६) गुठीको बैठक सम्बन्धी कार्यविधि गुठी आफैंले निर्धारण गर्न सक्नेछ।"
२७.	मा. गुरु प्रसाद बराल	९	<u>उपदफा (१) को खण्ड (ख) को उपखण्ड (१) मा देहायका शब्दहरू थप गर्नुपर्नेः-</u> - "राष्ट्रिय हित र संवेदनशील सूचनाको संरक्षण गर्दै अध्ययन, अध्यापन तथा अनुसन्धानको प्राज्ञिक स्वतन्त्रता सुनिश्चित गर्ने।"
२८.	मा. गणेश पराजुली	९	<u>देहायको उपदफा (३) थप गर्नुपर्नेः-</u> "(३) सभाले विश्वविद्यालयको दीर्घकालीन नीति, रणनीतिक दिशा, बजेट, संस्थागत उत्तरदायित्व र उच्चस्तरीय अनुगमन गर्नेछ। पाठ्यक्रमको प्राविधिक विषयवस्तु, व्यक्तिगत अनुसन्धान निष्कर्ष, प्राज्ञिक मूल्याङ्कन वा प्रकाशनको शैक्षिक गुणस्तरसम्बन्धी निर्णयमा सभाले प्रत्यक्ष हस्तक्षेप गर्ने छैन; त्यस्ता विषय प्राज्ञिक परिषद्को अधिकारक्षेत्रमा रहनेछन्।"

क्र.स.	माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा	संशोधनको बेहोरा
२९.	मा. प्रा. डा. पुष्पराज कडेल	१०	<u>उपदफा (१) को खण्ड (च) मा रहेका,</u> - "एकजना" भन्ने शब्दको सट्टा "दुईजना" भन्ने शब्द राखुपर्ने।
३०.	मा. भरत प्रसाद पराजुली	१०	<u>उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखुपर्नेः-</u> "(१) विश्वविद्यालयको शैक्षिक तथा प्राज्ञिक कार्यलाई व्यवस्थित गर्न देहाय बमोजिमको प्राज्ञिक परिषद् रहनेछः- (क) उपकुलपति -अध्यक्ष (ख) सैनिक तालिम महानिर्देशक, नेपाली सेना -सदस्य (ग) नेपाल प्रहरी महानिरिक्षक -सदस्य (घ) सशस्त्र प्रहरी महानिरिक्षक -सदस्य (ङ) राष्ट्रिय अनुसन्धान विभाग मुख्य अनुसन्धान निर्देशक -सदस्य (च) प्रतिनिधि, शिक्षा तथा खेलकुद मन्त्रालय -सदस्य (छ) डीन -सदस्य (ज) शिक्षाधिकृत (कमान्डान्ट) -सदस्य (झ) केन्द्र प्रमुख -सदस्य (ञ) विश्वविद्यालयका प्राध्यापक मध्येबाट उपकुलपतिले तोकेको एकजना -सदस्य (ट) प्रमुख, पाठ्यक्रम विकास विभाग -सदस्य-सचिव"
३१.	मा. कमल सुबेदी	१०	<u>उपदफा (१) मा देहायका खण्ड (च१) र (च२) थप गर्नुपर्नेः-</u> "(च१) राष्ट्रिय सुरक्षा, अन्तर्राष्ट्रिय सम्बन्ध, अन्तर्राष्ट्रिय कानुन, कूटनीति, अर्थशास्त्र, प्रविधि, साइबर सुरक्षा वा शान्ति तथा द्वन्द्व अध्ययनका विषयगत विज्ञमध्येबाट दुई जना –सदस्य

क्र.स.	माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा	संशोधनको बेहोरा
			(च२) विश्वविद्यालयका प्राध्यापक तथा अनुसन्धानकर्तामध्येबाट कम्तीमा दुई जना -सदस्य"
३२.	मा. गणेश पराजुली	१०	<u>उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्नुपर्नेः-</u> "(१) विश्वविद्यालयको शैक्षिक तथा प्राज्ञिक कार्यलाई व्यवस्थित गर्न देहायबमोजिमको प्राज्ञिक परिषद् रहनेछः- (क) उपकुलपति -अध्यक्ष (ख) सैनिक तालिम महानिर्देशक, नेपाली सेना -सदस्य (ग) डीन -सदस्य (घ) शिक्षाधिकृत (कमान्डान्ट) -सदस्य (ङ) केन्द्र प्रमुख -सदस्य (च) विश्वविद्यालयका प्राध्यापकमध्येबाट उपकुलपतिले तोकेको एकजना -सदस्य (छ) राष्ट्रिय सुरक्षा/रणनीतिक अध्ययन वा अन्तर्राष्ट्रिय सम्बन्ध/ कूटनीति क्षेत्रका वरिष्ठ प्राज्ञिकमध्येबाट सभाले मनोनयन गरेको एकजना -सदस्य (ज) सार्वजनिक नीति/अर्थ/ऊर्जा सुरक्षा क्षेत्रका वरिष्ठ प्राज्ञिक वा अनुसन्धानकर्तामध्येबाट सभाले मनोनयन गरेको एकजना -सदस्य (झ) साइबर/कृत्रिम बुद्धिमत्ता/प्रविधि/अन्तर्राष्ट्रिय कानुन वा मानव अधिकार क्षेत्रका वरिष्ठ विज्ञमध्येबाट सभाले मनोनयन गरेको एकजना -सदस्य (ञ) प्रमुख, पाठ्यक्रम विकास विभाग -सदस्य-सचिव" <u>उपदफा (१) को अन्त्यमा देहायका शब्दहरू थप गर्नुपर्नेः-</u> - मनोनित सदस्यमा कम्तीमा एकजना महिला हुनु पर्नेछ।
३३.	मा. प्रा. डा. पुष्पराज कडेल	११	<u>उपदफा (२) मा रहेका,</u>

क्र.स.	माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा	संशोधनको बेहोरा
			- "तोकिएबमोजिम हुनेछ" भन्ने शब्दहको सट्टा "प्राज्ञिक परिषद्ले विश्वविद्यालयको शैक्षिक तथा प्राज्ञिक कार्यसम्बन्धी आवश्यक नीति, मापदण्ड तथा कार्यविधि निर्धारण गरेबमोजिम हुनेछ" भन्ने शब्दहरू राख्नुपर्ने।
३४.	मा. कमल सुबेदी	११	<u>देहायको उपदफा (३) थप गर्नुपर्नेः-</u> "(३) पाठ्यक्रम तथा अनुसन्धान कार्यक्रम निर्धारण गर्दा अन्तर्राष्ट्रिय शैक्षिक मापदण्ड, राष्ट्रिय आवश्यकता, प्रमाणमा आधारित ज्ञान, मानव अधिकार, अन्तर्राष्ट्रिय मानवीय कानुन, संविधान तथा नागरिक-सैन्य सम्बन्धका विषयलाई समुचित रूपमा समावेश गर्नु पर्नेछ।"
३५.	मा. गणेश पराजुली	११	<u>उपदफा (१) पछि देहायको उपदफा (१क) थप गर्नुपर्नेः-</u> "(१क) पाठ्यक्रम, अनुसन्धान प्राथमिकता, अनुसन्धान विधि, प्राज्ञिक गुणस्तर, परीक्षा, भर्ना मापदण्ड, प्राध्यापक/अनुसन्धानकर्ताको प्राज्ञिक मूल्याङ्कन, प्रकाशन, प्राज्ञिक आचार तथा शैक्षिक सहकार्यसम्बन्धी मूल प्राज्ञिक अधिकार प्राज्ञिक परिषद्मा रहनेछ। परिषद्ले कार्यक्रमको प्रकृतिअनुसार सुरक्षा निकायका कर्मचारी, निजामती/सार्वजनिक सेवाका अधिकारी, योग्य नागरिक विद्यार्थी, अनुसन्धानकर्ता तथा विदेशी विद्यार्थी/प्रशिक्षार्थीको प्रवेशका लागि योग्यता, सुरक्षा जाँच आवश्यक भए सोको मापदण्ड, समावेशी सहभागिता र भर्ना सङ्ख्या निर्धारण गर्न सक्नेछ। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विश्वविद्यालय वा अनुसन्धान संस्थासँग विद्यार्थी/प्राध्यापक आदान-प्रदान, संयुक्त अनुसन्धान, अतिथि प्राध्यापन तथा संयुक्त शैक्षिक कार्यक्रम सञ्चालन गर्न सकिनेछ।"
३६.	मा. गणेश पराजुली	१३	<u>देहायको उपदफा (३) थप गर्नुपर्नेः-</u> "(३) कार्यकारी परिषद् विश्वविद्यालयको प्रशासन, वित्त, स्रोत व्यवस्थापन र स्वीकृत नीति/कार्यक्रमको कार्यान्वयनका लागि जिम्मेवार हुनेछ। प्राज्ञिक परिषद्को अधिकारक्षेत्रभित्र पर्ने पाठ्यक्रम, अनुसन्धानको शैक्षिक गुणस्तर, परीक्षा, प्राज्ञिक मूल्याङ्कन वा प्रकाशनसम्बन्धी निर्णयलाई कार्यकारी परिषद्ले परिवर्तन गर्न सक्नेछैनस तर कानुन, स्वीकृत बजेट वा वैधानिक सुरक्षा दायित्वसँग प्रत्यक्ष असंगति भए कारणसहित पुनर्विचारका लागि प्राज्ञिक परिषद्मा फिर्ता पठाउन सक्नेछ।"

क्र.स.	माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा	संशोधनको बेहोरा
३७.	मा. परशुराम तामाङ्ग	१४,१५,१६	**<u>दफा १४, १५ र १६ मर्ज गरी देहायको दफा शीर्षक राख्नुपर्ने</u>:-** - "**<u>सङ्काय, शिक्षण संस्था, विभाग, अनुसन्धान केन्द्र</u>**"
३८.	मा. गणेश पराजुली	१४	**<u>उपदफा (२) मा देहायका खण्ड (च) र (छ) थप गर्नुपर्ने</u>:-** "(च) साइबर सुरक्षा, कृत्रिम बुद्धिमत्ता, सूचना युद्ध, ड्रोन/मानवरहित प्रणाली, रणनीतिक निर्णय, विपद् व्यवस्थापन तथा अन्य उदीयमान सुरक्षा चुनौतीका लागि प्रयोगशाला, सिमुलेसन, टेबलटप अभ्यास, वॉर-गेमिङ वा अन्य व्यावहारिक प्रशिक्षण प्रणाली विकास र सञ्चालन गर्ने, (छ) नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, राष्ट्रिय अनुसन्धान विभाग, निजामती सेवा, विश्वविद्यालय, कूटनीतिक सेवा, निजी क्षेत्र तथा विषयविज्ञलाई अध्यापन, प्रशिक्षण र अभ्यासमा सहभागी गराउने।"
३९.	मा. गुरु प्रसाद बराल	१५	**<u>उपदफा (२) को खण्ड (क) मा देहायका शब्दहरू थप गर्नुपर्ने</u>:-** - "भूकम्प, बाढी, पहिरो, महामारीलगायत राष्ट्रिय विपद्मा प्रतिकार्यसम्बन्धी अध्ययन, तालिम र अनुसन्धान" **<u>उपदफा (२) को खण्ड (घ) मा देहायका शब्दहरू थप गर्नुपर्ने</u>:-** - "साइबर सुरक्षा, AI, ड्रोन/मानवरहित प्रणाली, अन्तरिक्ष तथा उदीयमान प्रविधिसम्बन्धी अध्ययन अनुसन्धान,"
४०.	मा. गणेश पराजुली	१५	**<u>उपदफा (२) मा देहायका खण्ड (च) र (छ) थप गर्नुपर्ने</u>:-** "(च) प्राज्ञिक परिषद्ले निर्धारण गरेको मापदण्डबमोजिम नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, राष्ट्रिय अनुसन्धान विभाग, निजामती तथा अन्य सार्वजनिक सेवा, कूटनीतिक सेवा, महत्वपूर्ण पूर्वाधार क्षेत्र, योग्य नागरिक विद्यार्थी/अनुसन्धानकर्ता तथा उपयुक्त विदेशी सहभागीका लागि कार्यक्रम सञ्चालन गर्ने,

क्र.स.	माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा	संशोधनको बेहोरा
			(छ) विषयगत आवश्यकता अनुसार Visiting/Adjunct Faculty, Strategic Chair तथा अतिथि विशेषज्ञमार्फत कूटनीति, अर्थतन्त्र, ऊर्जा, कानुन, प्रविधि, सार्वजनिक नीति, जलवायु तथा विपद् व्यवस्थापनसम्बन्धी ज्ञानलाई अध्यापनमा समेट्ने।"
४१.	मा. प्रा. डा. पुष्पराज कडेल	१६	<u>उपदफा (२) को खण्ड (ङ) मा रहेका,</u> - "नेपाल सरकार तथा अन्तर्गतका निकायलाई विशेष राय परामर्श दिने" भन्ने शब्दहरूका सट्टा "नेपाल सरकार तथा अन्तर्गतका निकायलाई तथ्यमा आधारित विशेष राय परामर्श दिने" भन्ने शब्दहरू राखुपर्ने।
४२.	मा. कमल सुबेदी	१६	<u>उपदफा (२) को खण्ड (ङ) पछि देहायको खण्ड (ङ१) र (ङ२) थप गर्नुपर्नेः-</u> "(ङ१) अनुसन्धानका निष्कर्ष, तथ्याङ्क र प्रमाणका आधारमा राष्ट्रिय सुरक्षा तथा प्रतिरक्षा नीतिसम्बन्धी स्वतन्त्र अध्ययन तथा नीतिगत विकल्प प्रस्तुत गर्ने। (ङ२) राष्ट्रिय सुरक्षासँग सम्बन्धित संवेदनशील सूचना प्रचलित कानुनबमोजिम गोप्य राखी अन्य अनुसन्धान तथा प्रकाशनलाई सार्वजनिक गर्न प्राथमिकता दिने।"
४३.	मा. गणेश पराजुली	१६	<u>उपदफा (२) को खण्ड (छ) को सट्टा देहायको खण्ड (छ) राखुपर्नेः-</u> "(छ) प्रत्येक आर्थिक वर्ष सरकारका सम्बन्धित निकाय, प्राज्ञिक परिषद् र विषयविज्ञसँग परामर्श गरी राष्ट्रिय सुरक्षा तथा रणनीतिक अनुसन्धानका प्राथमिक क्षेत्र निर्धारण गर्ने, <u>देहायका खण्ड (ज), (झ), (ञ), (ट) र (ठ) थप गर्नुपर्नेः-</u> "(ज) स्वीकृत बजेटको अधीनमा रही प्रतिस्पर्धात्मक अनुसन्धान अनुदान, नीति अनुसन्धान परियोजना र बहुविषयक अध्ययन सञ्चालन गर्ने, (झ) प्रत्येक आर्थिक वर्ष राष्ट्रिय सुरक्षा, प्रतिरक्षा, परराष्ट्र सम्बन्ध, रणनीतिक वातावरण, आर्थिक/ऊर्जा सुरक्षा, प्रविधि, जलवायु, विपद् तथा अन्य उदीयमान जोखिमसम्बन्धी

क्र.स.	माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा	संशोधनको बेहोरा
			"वार्षिक राष्ट्रिय रणनीतिक तथा नीति सुझाव प्रतिवेदन" तयार गरी नेपाल सरकारसमक्ष पेस गर्ने, (ञ) राष्ट्रिय सुरक्षा, प्रतिरक्षा, कूटनीति र रणनीतिक अध्ययनसम्बन्धी गैर-वर्गीकृत ऐतिहासिक दस्तावेज, तथ्याङ्क, शोध तथा प्रकाशनको सुरक्षित डिजिटल पुस्तकालय तथा अभिलेख केन्द्र सञ्चालन गर्ने, (ट) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विश्वविद्यालय, अनुसन्धान संस्था र नीति केन्द्रसँग संयुक्त अनुसन्धान, अनुसन्धानकर्ता आदान-प्रदान, सम्मेलन तथा नीति संवाद सञ्चालन गर्ने, (ठ) तोकिएबमोजिमका अन्य कार्य गर्ने।"
४४.	मा. गणेश पराजुली	**दफा थप**	**<u>दफा १६ पछि देहायको दफा १६क. राखुपर्नेः-</u>** "१६क. **<u>अनुसन्धान सुरक्षा, वर्गीकृत सूचना र प्राज्ञिक प्रकाशनः</u>** (१) विश्वविद्यालयमा प्रयोग हुने सूचना प्रचलित कानुनबमोजिम खुला, सीमित पहुँचयोग्य वा वर्गीकृत/गोप्य रूपमा व्यवस्थापन गर्न सकिनेछ। (२) अनुसन्धानको प्राज्ञिक गुणस्तर, विधि र निष्कर्षको मूल्याङ्कन प्राज्ञिक प्रक्रियाबाट हुनेछस प्रकाशन वा सार्वजनिक पहुँचले वैधानिक रूपमा वर्गीकृत सूचना, सुरक्षा स्रोत वा संरक्षित विवरण उजागर गर्छ/गर्दैन भन्ने समीक्षा छुट्टै अनुसन्धान सुरक्षा प्रक्रियाबाट हुनेछ। (३) कुनै अनुसन्धान वा प्रकाशनलाई केवल आलोचनात्मक निष्कर्ष, वैचारिक मत वा असहमतिको आधारमा रोक्न पाइनेछैन, रोक वा सीमित पहुँचको आधार प्रचलित कानुन र स्पष्ट सुरक्षा कारणमा आधारित हुनुपर्नेछ। (४) वर्गीकृत अनुसन्धानमा पहुँच, सुरक्षा स्वीकृति, अभिलेख, भण्डारण, डिजिटल सुरक्षा, प्रतिलिपि तथा प्रकाशनसम्बन्धी प्रक्रिया तोकिएबमोजिम हुनेछ।

क्र.स.	माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा	संशोधनको बेहोरा
			(५) वर्गीकृत अवस्थाको आवश्यकता आवधिक रूपमा पुनरावलोकन गरिनेछ र सुरक्षा संवेदनशीलता समाप्त भए प्रचलित कानुनबमोजिम अवर्गीकरण वा सार्वजनिक पहुँचको प्रक्रिया अपनाउन सकिनेछ।"
४५.	मा. प्रा. डा. पुष्पराज कडेल	१७	**<u>उपदफा (१) मा रहेका,</u>** - "नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत भएबमोजिम हुनेछ" भन्ने शब्दहरूका सट्टा "सभाको सिफारिसमा नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत भएबमोजिम हुनेछ" भन्ने शब्दहरू राखुपर्ने।
४६.	मा. कमल सुबेदी	१७	**<u>उपदफा (३) पछि देहायको उपदफा (३क) थप गर्नुपर्नेः-</u>** "(३क) विश्वविद्यालयको स्थायी शैक्षिक तथा अनुसन्धानसम्बन्धी पदमा नियुक्ति गर्दा विषयगत योग्यता, अनुभव, शैक्षिक उपलब्धि तथा अनुसन्धान क्षमताका आधारमा खुला र प्रतिस्पर्धात्मक छनोट प्रक्रिया अवलम्बन गर्नु पर्नेछ।"
४७.	मा. डा. राम लामा	१७	**<u>उपदफा (४) मा रहेका,</u>** - "पदपूर्ति समितिको सिफारिसमा" भन्ने शब्दहरूका सट्टा "महाशाखाको सिफारिसमा" भन्ने शब्दहरू राखुपर्ने।
४८.	मा. गणेश पराजुली	१७	**<u>देहायको उपदफा (७) र (८) थप गर्नुपर्नेः-</u>** "(७) विश्वविद्यालयले विषयगत आवश्यकताअनुसार प्रचलित कानुनको अधीनमा रही विश्वविद्यालय, अनुसन्धान संस्था, कूटनीतिक सेवा, सार्वजनिक नीति, अर्थ, ऊर्जा, विज्ञान-प्रविधि, साइबर सुरक्षा, सञ्चार, विपद् व्यवस्थापन तथा निजी क्षेत्रका योग्य व्यक्तिलाई Visiting Faculty, Adjunct Faculty, Research Fellow वा Strategic Chair का रूपमा निश्चित अवधिका लागि संलग्न गराउन सक्नेछ। सुरक्षा-संवेदनशील जिम्मेवारीका लागि आवश्यक सुरक्षा जाँच लागु हुनेछ। (८) सम्बन्धित सेवा कानुनको अधीनमा रही नेपाल सरकार तथा सार्वजनिक सेवाका निकायले विश्वविद्यालयमा अध्ययन गरेको मान्य कार्यक्रम वा विशेषज्ञ जिम्मेवारीलाई व्यावसायिक विकास, दक्षता

क्र.स.	माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा	संशोधनको बेहोरा
			अभिवृद्धि वा competency को आधारका रूपमा मान्यता दिन सक्नेछन्स यस व्यवस्थाले स्वतः बढुवा वा पदोन्नतिको अधिकार सिर्जना गर्नेछैन।"
४९.	मा. डा. राम लामा	१८	**<u>दफा १८ को सट्टा देहायको दफा १८ राखुपर्नेः-</u>** "१८. **<u>मानव संसाधन महाशाखा</u>** : (१) विश्वविद्यालयको शैक्षिक तथा प्रशासनिक जनशक्तिको छनोट, नियुक्ति तथा बढुवाका लागि विश्वविद्यालयमा एक मानव संसाधन महाशाखा रहनेछ। (२) महाशाखाले तोकिएको योग्यता र मापदण्डका आधारमा खुला प्रतिस्पर्धाबाट निष्पक्ष रूपमा छनोट प्रक्रिया सञ्चालन गरी नियुक्ति तथा बढुवाको सिफारिस रजिस्ट्रारसमक्ष गर्नेछ। (३) महाशाखाको गठन, प्रमुख, काम, कर्तव्य र अधिकार सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।"
५०.	मा. कमल सुबेदी	१९	**<u>उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखुपर्नेः-</u>** "(१) विश्वविद्यालयको कुलपति नेपाल सरकारले राष्ट्रिय सुरक्षा, प्रतिरक्षा, उच्च शिक्षा, रणनीतिक अध्ययन वा सार्वजनिक प्रशासनको क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका नेपाली नागरिकमध्येबाट नियुक्त गर्नेछ।" **<u>उपदफा (२) को सट्टा देहायको उपदफा (२) राख्नुपर्नेः-</u>** "(२) कुलपति विश्वविद्यालयको गैरकार्यकारी प्रमुख हुनेछ।"
५१.	मा. डा. राम लामा	१९	**<u>उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखुपर्नेः-</u>** "(१) नेपाल सरकारले राष्ट्रिय सुरक्षा, प्रतिरक्षा, शिक्षा वा सम्बद्ध क्षेत्रमा कम्तीमा बीस वर्षको अनुभव प्राप्त गरी उल्लेखनीय योगदान पुऱ्याएका योग्य, अनुभवी र प्रतिष्ठित व्यक्तिमध्येबाट विश्वविद्यालयको कुलपति नियुक्त गर्नेछ।" **<u>उपदफा (१) पछि देहायका उपदफा (१क), (१ख) र (१ग) थप गर्नुपर्नेः-</u>** "(१क) उपदफा (१) बमोजिम नियुक्त हुने व्यक्ति नेपाली नागरिक भई दफा ३१ बमोजिम अयोग्य नभएको हुनुपर्नेछ।

क्र.स.	माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा	संशोधनको बेहोरा
			(१ख) कुलपतिको पदावधि पाँच वर्षको हुनेछ र निजलाई पुनः नियुक्त गर्न सकिने छैन। कुलपतिले पदअनुकूलको आचरण नगरेमा नेपाल सरकार, मन्त्रिपरिषद्ले कारण खुलाई सफाइ पेस गर्ने मनासिब मौका दिई निजलाई पदबाट हटाउन सक्नेछ। (१ग) कुलपतिको पद रिक्त भएमा नेपाल सरकारले तीस दिनभित्र नयाँ कुलपति नियुक्त गर्नुपर्नेछ, र नियुक्त नभएसम्म कुलपतिको कार्य नेपाल सरकार, मन्त्रिपरिषद्ले तोकेको सभाको सदस्यले गर्नेछ।" **<u>उपदफा (४) मा रहेका,</u>** - "सभाको सह-अध्यक्षले" भन्ने शब्दहरूका सट्टा "सभाका सदस्यमध्येबाट कुलपतिले तोकेको सदस्यले" भन्ने शब्दहरू राख्नुपर्ने।
५२.	मा. कमल सुबेदी	२०	**<u>उपदफा (२) मा देहायको खण्ड (घ) थप गर्नुपर्नेः-</u>** "(घ) मान्यताप्राप्त विश्वविद्यालय वा उच्च शिक्षण संस्थामा प्राध्यापन, अनुसन्धान, शैक्षिक नेतृत्व वा नीति निर्माणको क्षेत्रमा उल्लेखनीय अनुभव भएको।"
५३.	मा. ऐन बहादुर महर	२०	**<u>उपदफा (२) को खण्ड (ख) मा रहेको,</u>** - "स्नातकोतर" भन्ने शब्दको सट्टा "विद्यावारिधी" भन्ने शब्द राख्नुपर्ने।
५४.	मा. गणेश पराजुली	२०	**<u>उपदफा (२) को खण्ड (ख) र (ग) को सट्टा देहायको खण्ड (ख) र (ग) राख्नुपर्नेः-</u>** "(ख) रक्षा, प्रतिरक्षा, सामरिकररणनीतिक अध्ययन, अन्तर्राष्ट्रिय सम्बन्ध, अन्तर्राष्ट्रिय कानुन, कूटनीति, सार्वजनिक नीति, सुरक्षा अध्ययन, अर्थ/ऊर्जा सुरक्षा वा विज्ञान-प्रविधि नीतिसम्बन्धी विषयमा मान्यताप्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरेको, (ग) सम्बन्धित क्षेत्रमा कम्तीमा बिस वर्षको अनुभव, त्यसमध्ये कम्तीमा पाँच वर्ष वरिष्ठ नेतृत्व, उच्च शिक्षा/प्राज्ञिक प्रशासन, अनुसन्धान नेतृत्व, सार्वजनिक नीति वा रणनीतिक संस्थागत व्यवस्थापनको अनुभव प्राप्त गरेको र अनुसन्धान/नीति विश्लेषण वा संस्थागत नेतृत्वमा प्रमाणित उपलब्धि भएको।

क्र.स.	माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा	संशोधनको बेहोरा
५५.	मा. डा. राम लामा	२१	<u>खण्ड (छ) पछि देहायका खण्ड (ज) र (झ) थपि त्यसपछिको खण्डक्रम मिलाउनुपर्ने:-</u> (ज) कार्यकारी परिषद्को सिफारिसमा डीन र केन्द्र प्रमुखको नियुक्ति गर्ने, (झ) सभाबाट स्वीकृत नीति, योजना र बजेटको अधीनमा रही विश्वविद्यालयको शैक्षिक तथा प्रशासनिक व्यवस्थापन र दैनिक सञ्चालनसम्बन्धी आवश्यक निर्णय गर्ने।"
५६.	मा. डा. राम लामा	२३	<u>उपदफा (१) को खण्ड (ख) को उपखण्ड (४) मा रहेका,</u> - "पदपूर्ति समितिको सिफारिसमा" भन्ने शब्दहरूका सट्टा "महाशाखाको सिफारिसमा" भन्ने शब्दहरू राखुपर्ने।
५७.	मा. भरत प्रसाद पराजुली	२४	<u>उपदफा (१) को सट्टा देहायको उपदफा १) राख्नुपर्ने:-</u> "(१) उपकुलपति र रजिष्ट्रारको पदमा नियुक्तिको सिफारिस गर्न परिच्छेद-४ को दफा ७ बमोजिम गठित सभाद्वारा तीन सदस्यीय समिति रहनेछ:-
५८.	मा. कमल सुबेदी	२४	<u>उपदफा (२) मा रहेका,</u> - "तीनजना" भन्ने शब्दहरूपछि "खुला प्रतिस्पर्धा, सार्वजनिक सूचना, वस्तुगत मापदण्ड तथा प्रस्तुतीकरण/कार्ययोजनाका आधारमा" भन्ने शब्दहरू थप गर्नुपर्ने। <u>उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखुपर्ने:-</u> "(१) उपकुलपति र रजिष्ट्रारको पदमा नियुक्तिको सिफारिस गर्न देहाय बमोजिमका सदस्य रहेको एक सिफारिस समिति गठन हुनेछ :- (क) लोक सेवा आयोगको सदस्य वा नेपाल सरकारद्वारा तोकिएको उच्च शिक्षा/सार्वजनिक प्रशासनसम्बन्धी विज्ञ -अध्यक्ष (ख) विश्वविद्यालय अनुदान आयोगको प्रतिनिधि -सदस्य (ग) राष्ट्रिय सुरक्षा, प्रतिरक्षा वा रणनीतिक अध्ययनका विज्ञ -सदस्य (घ) विश्वविद्यालयको प्राज्ञिक परिषद्ले सिफारिस गरेको एक जना प्राध्यापक -सदस्य (ङ) रक्षा मन्त्रालयको सचिव -सदस्य-सचिव।"

क्र.स.	माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा	संशोधनको बेहोरा
५९.	मा. परशुराम तामाङ्ग	२४	<u>उपदफा (१) खण्ड (क) को सट्टामा देहायको खण्ड (क) राख्नुपर्नेः-</u> "(क) सह-कुलपति/रक्षामन्त्री -अध्यक्ष <u>देहायको उपदफा (७) थप गर्नुपर्नेः-</u> "(७) प्रतिष्ठानमा मनोनयन वा नियुक्ती पदपूर्ति गर्दा नेपालको संविधानले व्यवस्था गरेको समानुपातिक समावेशी सिद्धान्त अनुसार गरिनेछ।
६०.	मा. डा. राम लामा	२४	<u>दफा २४ को सट्टा देहायको दफा २४ राख्नुपर्नेः-</u> "२४. <u>उपकुलपति र रजिस्ट्रारको नियुक्ति</u> : (१) गुठीले उपकुलपति र रजिस्ट्रारको पदमा नियुक्तिका लागि योग्यता पुगेका व्यक्तिमध्येबाट खुला प्रतिस्पर्धाको माध्यमबाट छुट्टाछुट्टै तीन-तीन जना सम्भाव्य व्यक्तिको नाम कुलपतिसमक्ष सिफारिस गर्नेछ। (२) गुठीले उपदफा (१) बमोजिमको सिफारिस गुठी गठन भएको वा पद रिक्त भएको मितिले दुई महिनाभित्र गरिसक्नु पर्नेछ। (३) कुलपतिले उपदफा (१) बमोजिम सिफारिस गरिएका व्यक्तिमध्येबाट उपकुलपति र रजिस्ट्रारको नियुक्ति गर्नेछ। (४) सिफारिसका लागि अवलम्बन गर्नुपर्ने कार्यविधि गुठी आफैंले निर्धारण गर्न सक्नेछ, तर सो कार्यविधिमा खुला विज्ञापन र योग्यताका आधारमा निष्पक्ष मूल्याङ्कन समावेश हुनु पर्नेछ।"
६१.	मा. ऐन बहादुर महर	२४	<u>उपदफा (१) को खण्ड (क) मा रहेका,</u> - "प्रधान सेनापति" भन्ने शब्दहरूका सट्टा "सुरक्षा निकायको प्रमुख भई सेवानिवृत व्यक्ति" भन्ने शब्दहरू राख्नुपर्ने।
६२.	मा. गणेश पराजुली	२४	<u>दफा २४ को सट्टा देहायको दफा २४ राख्नुपर्नेः-</u> "२४. <u>सिफारिस समिति तथा छनोट प्रक्रियाः</u> (१) उपकुलपति र रजिष्ट्रारको नियुक्तिका लागि देहायको सात सदस्यीय सिफारिस समिति रहनेछः (क) प्रधानसेनापति -अध्यक्ष

क्र.स.	माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा	संशोधनको बेहोरा
			(ख) अध्यक्ष वा निजले तोकेको वरिष्ठ प्रतिनिधि, विश्वविद्यालय अनुदान आयोग -सदस्य (ग) प्रतिष्ठित पूर्व/बहालवाला उपकुलपति वा वरिष्ठ प्राध्यापकमध्येबाट कुलपतिले मनोनयन गरेको एकजना -सदस्य (घ) सचिव, शिक्षा सम्बन्धी मन्त्रालय -सदस्य (ङ) सचिव, परराष्ट्र मन्त्रालय -सदस्य (च) राष्ट्रिय सुरक्षा/रणनीतिक अध्ययन, सार्वजनिक नीति वा उच्च शिक्षा व्यवस्थापनका प्रतिष्ठित विज्ञमध्येबाट कुलपतिले मनोनयन गरेको एकजना -सदस्य (छ) सैनिक तालिम महानिर्देशक, नेपाली सेना -सदस्य-सचिव (२) समितिले खुला प्रतिस्पर्धाबाट आवेदन आह्वान गर्नेछ र आवेदन आह्वान गर्नुअघि शैक्षिक योग्यता, अनुसन्धान/प्रकाशन, नेतृत्व अनुभव, रणनीतिक ज्ञान, संस्थागत दृष्टिकोण, निष्ठा तथा हितको द्वन्द्वसम्बन्धी पूर्वप्रकाशित मूल्याङ्कन मापदण्ड लागु गर्नेछ। (३) समितिले आवश्यक ठानेमा स्वतन्त्र विशेषज्ञ मूल्याङ्कन उपसमिति गठन गर्न सक्नेछ; उपसमितिको भूमिका प्राविधिक मूल्याङ्कनमा सीमित हुनेछ र अन्तिम सिफारिस समितिले गर्नेछ। (४) मूल्याङ्कन अभिलेख सुरक्षित राखिनेछ र सिफारिस गरिएका तीन सम्भाव्य उम्मेदवारको नाम, प्रमुख योग्यता तथा सिफारिसको आधार सार्वजनिक गरिनेछस वर्गीकृत वा व्यक्तिगत गोपनीय विवरण सार्वजनिक गरिनेछैन। (५) कुलपतिले सिफारिस भएका तीन व्यक्तिमध्येबाट एकजनालाई नियुक्त गर्दा संक्षिप्त कारण अभिलेख गर्नेछ। (६) समितिका कुनै सदस्यको उम्मेदवारसँग प्रत्यक्ष हितको द्वन्द्व भए त्यस्तो सदस्य सो उम्मेदवारको मूल्याङ्कन तथा निर्णयमा सहभागी हुन पाउनेछैन। (७) छनोटसम्बन्धी अन्य कार्यविधि पूर्वप्रकाशित र पारदर्शी हुनेछ।"

क्र.स.	माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा	संशोधनको बेहोरा
६३.	मा. गंगादेवी श्रेष्ठ	२५	<u>उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखुपर्नेः</u>- "(२) डिनको नियक्ति खुला प्रतिस्पर्धाको माध्यमबाट कुलपतिले गर्नेछ।"
६४.	मा. डा. राम लामा	२५	<u>उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखुपर्नेः</u>- "(२) डीनको नियुक्ति उपकुलपतिको सिफारिसमा कार्यकारी परिषद्ले गर्नेछ।"
६५.	मा. ऐन बहादुर महर	२५	<u>उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखुपर्नेः</u>- "(२) डिन नियुक्ति खुला प्रतिस्पर्धाको माध्यमबाट छनौट गरी उपकुलपतिको सिफारिसमा कुलपतिले गर्नेछ।" <u>उपदफा (३) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखुपर्नेः</u> "(क) चालिस वर्ष उमेर पूरा भएको,"
६६.	मा. भरत प्रसाद पराजुली	२७	<u>दफा २७ को सट्टा देहायको दफा २७ राखुपर्नेः-</u> "२७. <u>शिक्षाधिकृत (कमान्डान्ट)</u>: (१) महाविद्यालयको सञ्चालन र व्यवस्थापनको लागि महाविद्यालयको प्रमुखको रूपमा शिक्षाधिकृत (कमान्डान्ट) रहनेछ। (२) उपदफा (१) बमोजिमको शिक्षाधिकृत (कमान्डान्ट) को पदमा नेपाली सेनाको बहालवाला उपरथी मध्येबाट प्रधान सेनापतिको सिफारिसमा नेपाल सरकार, मन्त्रिपरिषद्ले खटाउनेछ। (३) यसरी बहालवाला उप-रथी मध्ये शिक्षाधिकृत (कमान्डान्ट) खटाउँदा तीन वर्ष सेवाअवधि रहेको मध्येबाट खटाउनु पर्नेछ।"
६७.	मा. कमल सुबेदी	२७	<u>देहायको उपदफा (३) थप गर्नुपर्नेः</u> "(३) नेपाली सेनाको बहालवाला उपरथीमध्येबाट नियुक्त हुने व्यक्तिले सम्बन्धित विषयमा उच्च शिक्षा, सैन्य शिक्षा वा रणनीतिक अध्ययनसम्बन्धी न्यूनतम शैक्षिक योग्यता तथा उच्चस्तरीय शिक्षण/प्रशिक्षण अनुभव समेत प्राप्त गरेको हुनु पर्नेछ।"

क्र.स.	माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा	संशोधनको बेहोरा
६८.	मा. गंगादेवी श्रेष्ठ	२७	<u>उपदफा (२) मा रहेका,</u> - "सेनाको बहालवाला उपरथीमध्येबाट" भन्ने शब्दहरूका पछि "खुला प्रतिस्पर्धा गराई" भन्ने शब्दहरू थप गर्नुपर्ने।
६९.	मा. ऐन बहादुर महर	२७	<u>उपदफा (२) मा रहेका,</u> - "बहालवाला उपरथी मध्येबाट प्रधानसेनापतिको सिफारिसमा" भन्ने शब्दहरूका सट्टा "विशिष्ट श्रेणीबाट सेवानिवृत सुरक्षा निकायका व्यक्ति, निजामती सेवाका कर्मचारी वा विश्वविद्यालयका प्राध्यापक मध्येबाट खुला प्रतिस्पर्धाको माध्यमबाट छनौट गरी उपकुलपतिको सिफारिसमा" भन्ने शब्दहरू राख्नुपर्ने।
७०.	मा. गंगादेवी श्रेष्ठ	२९	<u>उपदफा (२) मा रहेका,</u> - "उपकुलपतिको सिफारिसमा कुलपतिले गर्नेछ" भन्ने शब्दहरूका सट्टा "खुला प्रतिस्पर्धाका आधारमा उपकुलपतिको सिफारिसमा कुलपतिले गर्नेछ" भन्ने शब्दहरू राख्नुपर्ने।
७१.	मा. डा. राम लामा	२९	<u>उपदफा (२) को सट्टा देहायको उपदफा (२) राख्नुपर्ने</u>:- "(२) केन्द्र प्रमुखको नियुक्ति उपकुलपतिको सिफारिसमा कार्यकारी परिषद्ले गर्नेछ।"
७२.	मा. ऐन बहादुर महर	२९	<u>उपदफा (२) मा रहेका,</u> - "केन्द्र प्रमुखको नियुक्ति" भन्ने शब्दहरूपछि "खुला प्रतिस्पर्धाको माध्यमबाट छनौट गरी" भन्ने शब्दहरू थप गर्नुपर्ने।
७३.	मा. डा. राम लामा	३१	<u>दफा ३१ को दफाशीर्षकपछि उल्लेखित बेहोराको सट्टा देहायको बेहोरा राखी उल्लिखित खण्डहरू यथावत कायम राख्नुपर्ने:-</u> - "कुलपति, उपकुलपति, रजिस्ट्रार, डीन र केन्द्र प्रमुखको पदमा नियुक्त हुन वा बहाल रहन देहायका व्यक्ति अयोग्य मानिनेछन्:-

क्र.स.	माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा	संशोधनको बेहोरा
७४.	मा. गणेश पराजुली	**दफा थप**	**<u>दफा ३१ पछि देहायको दफा ३१क. थप गर्नुपर्नेः-</u>** **"३१क. <u>हितको द्वन्द्व तथा राजनीतिक निष्पक्षताः</u>** (१) उपकुलपति, रजिष्ट्रार, डीन, केन्द्र प्रमुख तथा नियुक्ति/सिफारिस प्रक्रियामा सहभागी पदाधिकारीले नियुक्ति वा जिम्मेवारी ग्रहण गर्दा र प्रत्येक वर्ष आफ्नो प्रत्यक्ष आर्थिक, व्यावसायिक वा संस्थागत हितसम्बन्धी घोषणा विश्वविद्यालयमा पेस गर्नु पर्नेछ। (२) प्रत्यक्ष हितको द्वन्द्व भएको विषयको निर्णय, मूल्याङ्कन, खरिद, अनुसन्धान अनुदान वा नियुक्तिमा सम्बन्धित व्यक्ति सहभागी हुन पाउने छैन। (३) दफा ३१ बमोजिमका पदाधिकारी पदावधिभर कुनै राजनीतिक दलको पदाधिकारी रहने वा दलगत निर्देशनमा विश्वविद्यालयको प्राज्ञिक वा प्रशासनिक निर्णय प्रभावित गर्ने कार्यमा संलग्न हुन पाउने छैन।"
७५.	मा. प्रा. डा. पुष्पराज कडेल	**३२**	**<u>उपदफा (१) मा रहेका,</u>** - "तीन वर्षको हुनेछ" भन्ने शब्दहरूका सट्टा "चार वर्षको हुनेछ" भन्ने शब्दहरू राख्नुपर्ने।
७६.	मा. कमल सुबेदी	**३२**	**<u>उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखुपर्नेः-</u>** "(१) उपकुलपति, रजिष्ट्रार, डीन र केन्द्र प्रमुखको पदावधि चार वर्षको हुनेछ। निजलाई सोही पदमा पुनः नियुक्त गरिने छैन।"
७७.	मा. प्रा. डा. पुष्पराज कडेल	**३३**	**<u>उपदफा (२) मा रहेका,</u>** - "तोकिएबमोजिम हुनेछ" भन्ने शब्दहरूका सट्टा "विनियममा तोकिएबमोजिम हुनेछ" भन्ने शब्दहरू राखुपर्ने।
७८.	मा. बलावती शर्मा	**३३**	**<u>देहायको उपदफा (३) थप गर्नुपर्नेः</u>**- (३) विधेयकमा विद्यार्थी भर्ना तथा छात्रवृत्तिसम्बन्धी स्पष्ट कानुनी कोटा उल्लेख छैन। विश्वविद्यालयमा सञ्चालन हुने प्राज्ञिक कार्यक्रमहरूमा अध्ययन गर्ने स्वदेशी विद्यार्थीहरूका लागि निश्चित प्रतिशत कोटा छुट्याइनेछ, जसमा महिला, आदिवासी जनजाति, मधेसी, दलित, अपाङ्गता भएका व्यक्ति तथा

क्र.स.	माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा	संशोधनको बेहोरा
			पिछडिएका क्षेत्रका गैरसैनिक र सैनिक शोधार्थीहरूका लागि विशेष छात्रवृत्ति तथा आरक्षणको व्यवस्था गर्नुपर्ने।
७९.	मा. डा. राम लामा	३३	<u>उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्नुपर्नेः-</u> "(१) कुलपति, उपकुलपति, रजिस्ट्रार, डीन, केन्द्र प्रमुख तथा सभा र गुठीको मनोनीत सदस्यको पारिश्रमिक, सेवाका सर्त र सुविधा तोकिएबमोजिम हुनेछ।"
८०.	मा. कमल सुबेदी	३४	<u>उपदफा (५) को सट्टा देहायको उपदफा (५) राख्नुपर्नेः-</u> "(५) उपदफा (१) बमोजिम छानबिन समिति गठन भएको कारणले मात्र सम्बन्धित पदाधिकारी स्वतः निलम्बन भएको मानिने छैन। गम्भीर प्रकृतिको आरोपमा प्रमाण नष्ट हुने, अनुसन्धानमा प्रतिकूल प्रभाव पर्ने वा विश्वविद्यालयको नियमित कार्यमा गम्भीर असर पर्ने अवस्था भएमा मात्र सभाले कारणसहित अन्तरिम निलम्बन गर्न सक्नेछ।"
८१.	मा. डा. राम लामा	३४	<u>देहायको उपदफा (७) थप गर्नुपर्नेः-</u> "(७) यस दफाका व्यवस्था कुलपतिलाई लागु हुने छैनन्, र कुलपतिलाई पदबाट हटाउने कार्य दफा १९ को उपदफा (१ख) बमोजिम हुनेछ।"
८२.	मा. गणेश पराजुली	३४	<u>उपदफा (१) मा रहेका,</u> - "जिम्मेवारी पूरा नगरेको वा निजले पद अनुकूलको आचरण नगरेको" भन्ने शब्दहरूका सट्टा "गम्भीर कर्तव्य उल्लङ्घन, प्रमाणित आर्थिक वा प्रशासनिक अनियमितता, प्राज्ञिक/अनुसन्धान निष्ठाको गम्भीर उल्लङ्घन, हितको द्वन्द्व लुकाएको, पदको दुरुपयोग गरेको, वा जिम्मेवारी निर्वाह गर्न स्थायी रूपमा असमर्थ भएको" भन्ने शब्दहरू राख्नुपर्ने। <u>उपदफा (४) र (५) को सट्टा देहायको उपदफा (४) र (५) राख्नुपर्नेः-</u> "(४) उपदफा (३) बमोजिमको प्रतिवेदनमाथि छलफल हुँदा सभामा उपस्थित तथा मतदान गर्ने सदस्यको कम्तीमा दुई तिहाइ बहुमतले हटाउने निर्णय गरेमा मात्र पदबाट हटाउन सकिनेछस सम्बन्धित पदाधिकारीलाई प्रतिवेदनको सार उपलब्ध गराई सफाइ र सुनुवाइको पर्याप्त अवसर दिनु पर्नेछ।

क्र.स.	माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा	संशोधनको बेहोरा
			(५) छानबिन समिति गठन भएको कारणले मात्र पदाधिकारी स्वतः निलम्बित हुने छैन। तर पदमा कायम रहँदा प्रमाण नष्ट हुने, अनुसन्धान प्रभावित हुने वा विश्वविद्यालयलाई गम्भीर र तत्काल क्षति हुने यथेष्ट आधार भए कुलपतिले लिखित कारणसहित बढीमा नब्बे दिनसम्म निलम्बन गर्न सक्नेछ।"
८३.	मा. प्रा. डा. पुष्पराज कडेल	३५	**<u>उपदफा (५) मा रहेका,</u>** "तोकिएबमोजिम हुनेछ" भन्ने शब्दहरूका सट्टा "विनियममा तोकिएबमोजिम हुनेछ" भन्ने शब्दहरू राखुपर्ने।
८४.	मा. कमल सुबेदी	३५	**<u>देहायको उपदफा (६) थप गर्नुपर्नेः-</u>** "(६) विदेशी सरकार, अन्तर्राष्ट्रिय संस्था, विदेशी व्यक्ति वा संस्थाबाट प्राप्त हुने कुनै अनुदान, सहयोग वा आर्थिक सहायता प्रचलित कानुनबमोजिम स्वीकृति प्राप्त गरी मात्र स्वीकार गर्न सकिनेछ र त्यस्तो रकम तथा त्यसको प्रयोजन वार्षिक प्रतिवेदनमा सार्वजनिक गर्नु पर्नेछ।"
८५.	मा. गणेश पराजुली	३५	**<u>देहायका उपदफा (६) र (७) थप गर्नुपर्नेः-</u>** "(६) विदेशी सरकार, अन्तर्राष्ट्रिय संस्था, निजी संस्था वा अन्य दाताबाट प्राप्त अनुदान, दान, अनुसन्धान सहायता वा प्रायोजन स्वीकार गर्दा स्रोत, उद्देश्य, सर्त, हितको द्वन्द्व, राष्ट्रिय सुरक्षा र प्राज्ञिक स्वतन्त्रतामा पर्ने प्रभावको मूल्याङ्कन गरी अभिलेख राखुपर्नेछ। कानुनले गोप्य राखुपर्ने विवरणबाहेक प्रमुख अनुदान/प्रायोजनको स्रोत र प्रयोजन वार्षिक प्रतिवेदनमा खुलाउनु पर्नेछ। (७) कुनै दाता वा प्रायोजकले अनुसन्धानको पूर्वनिर्धारित निष्कर्ष, नियुक्ति, मूल्याङ्कन वा प्रकाशन निर्णय नियन्त्रण गर्ने सर्त राख्न पाउनेछैन; वर्गीकृत सूचना तथा बौद्धिक सम्पत्तिसम्बन्धी वैध सर्त भने लागु गर्न सकिनेछ।"
८६.	मा. प्रा. डा. पुष्पराज कडेल	३६	**<u>उपदफा (२) मा रहेका,</u>** - "तोकिएबमोजिम आन्तरिक नियन्त्रण प्रणाली कायम गर्नुपर्नेछ" भन्ने शब्दहरूका सट्टा "आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी कार्यविधि बनाई लागु गर्नु पर्नेछ" भन्ने शब्दहरू राख्नुपर्ने।
८७.	मा. कमल सुबेदी	३६	**<u>देहायको उपदफा (५) थप गर्नुपर्नेः-</u>**

क्र.स.	माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा	संशोधनको बेहोरा
			"(५) विश्वविद्यालयले सार्वजनिक गर्न मिल्ने आय-व्यय, लेखापरीक्षण प्रतिवेदन, वार्षिक प्रतिवेदन, अनुसन्धान तथा शैक्षिक कार्यक्रमको विवरण आफ्नो वेबसाइटमा सार्वजनिक गर्नुपर्नेछ। राष्ट्रिय सुरक्षा वा गोपनीयतासम्बन्धी सूचना प्रचलित कानुनबमोजिम गोप्य राख्न सकिनेछ।"
८८.	मा. गणेश पराजुली	३६	<u>देहायका उपदफा (५) र (६) थप गर्नुपर्नेः-</u> "(५) विश्वविद्यालयले प्रत्येक आर्थिक वर्ष समाप्त भएको छ महिनाभित्र स्वीकृत बजेट र वास्तविक खर्च, प्रमुख खरिद/ठेक्का, लेखापरीक्षणको सार, विद्यार्थी/प्रशिक्षार्थी संरचना, अनुसन्धान तथा प्रकाशन, अन्तर्राष्ट्रिय सहकार्य, संस्थागत उपलब्धि र प्रमुख जोखिम समेटिएको वार्षिक सार्वजनिक प्रतिवेदन प्रकाशित गर्नेछ। (६) राष्ट्रिय सुरक्षा, वर्गीकृत सूचना, व्यक्तिगत गोपनीयता वा प्रचलित कानुनले गोप्य राख्नुपर्ने विषय प्रतिवेदनमा सार्वजनिक गर्नुपर्ने छैन; तर त्यस्तो गोपनीयताको आधार अभिलेखमा उल्लेख गर्नु पर्नेछ।"
८९.	मा. गणेश पराजुली	दफा थप	<u>दफा ३६ पछि देहायको दफा ३६क थप गर्नुपर्नेः-</u> "३६क. <u>आवधिक स्वतन्त्र संस्थागत मूल्याङ्कनः</u> (१) विश्वविद्यालयको स्थापना भएको पाँच वर्ष पूरा भएपछि र त्यसपछि प्रत्येक पाँच वर्षमा शैक्षिक गुणस्तर, स्नातक/प्रशिक्षार्थीको उपयोगिता, अनुसन्धानको नीति प्रभाव, राष्ट्रिय सुरक्षा क्षमतामा योगदान, अन्तर्राष्ट्रिय सहकार्य, सुशासन, वित्तीय व्यवस्थापन र संस्थागत स्वायत्तताको स्वतन्त्र मूल्याङ्कन गरिनेछ। (२) मूल्याङ्कनका लागि विश्वविद्यालय अनुदान आयोग, रक्षा मन्त्रालय, उच्च शिक्षा/अनुसन्धान क्षेत्र तथा स्वतन्त्र विषयविज्ञको प्रतिनिधित्व रहने बाह्य समीक्षा टोली गठन गरिनेछ। (३) समीक्षा प्रतिवेदन नेपाल सरकार, सभा र सम्बन्धित संसदीय समितिमा पेस गरिनेछ र वर्गीकृत वा गोप्य अंश हटाई सार्वजनिक सारांश प्रकाशित गरिनेछ।"
९०.	मा. प्रा. डा. पुष्पराज कडेल	३७	<u>दफाशीर्षक पछि उल्लिखित बेहोरामा रहेका</u>,

क्र.स.	माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा	संशोधनको बेहोरा
			- "तोकिएको शर्त तथा मापदण्ड पूरा गरेका" भन्ने शब्दहरूका सट्टा "विश्वविद्यालयले निर्धारण गरेको शैक्षिक, प्राज्ञिक, पूर्वाधार, जनशक्ति, परीक्षा तथा गुणस्तरसम्बन्धी शर्त तथा मापदण्ड पूरा गरेका" भन्ने शब्दहरू राख्नुपर्ने।
९१.	मा. कमल सुबेदी	३७	<u>देहायको उपदफा थप गर्नुपर्नेः-</u> "(२) सम्बन्धन प्रदान गर्दा विश्वविद्यालयले शैक्षिक गुणस्तर, पाठ्यक्रम, शिक्षकको योग्यता, विद्यार्थी मूल्याङ्कन, अनुसन्धान क्षमता तथा आवश्यक accreditation मापदण्ड पूरा भएको सुनिश्चित गर्नु पर्नेछ।
९२.	मा. प्रा. डा. पुष्पराज कडेल	३८	<u>उपदफा (१) मा रहेका,</u> - "तोकिए बमोजिमको प्रमाणपत्र र उपाधि" भन्ने शब्दहरूका सट्टा "विश्वविद्यालयले निर्धारण गरेको मापदण्ड पूरा गरेबमोजिमको प्रमाणपत्र र उपाधि" भन्ने शब्दहरू राख्नुपर्ने।
९३.	मा. कमल सुबेदी	३९	<u>दफा ३९ को सट्टा देहायको दफा ३९ राखुपर्नेः-</u> "३९. <u>परीक्षा प्रणाली, पाठ्यक्रम तथा शैक्षिक गुणस्तर</u> : (१) विश्वविद्यालयको परीक्षा प्रणाली, पाठ्यक्रम तथा शैक्षिक गुणस्तरसम्बन्धी व्यवस्था प्राज्ञिक परिषद्को सिफारिसमा सभाले स्वीकृत गरेबमोजिम हुनेछ। (२) पाठ्यक्रम निर्माण गर्दा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय शैक्षिक मापदण्ड, अनुसन्धानको स्वतन्त्रता र सम्बन्धित विषयका विज्ञको सहभागिता सुनिश्चित गर्नु पर्नेछ।"
९४.	मा. कमल सुबेदी	दफा थप	<u>देहायको दफा ३९क. थप गर्नुपर्नेः-</u> "३९क. <u>शैक्षिक तथा अनुसन्धान स्वतन्त्रता</u>ः- (१) विश्वविद्यालयका शिक्षक, प्राध्यापक, अनुसन्धानकर्ता तथा विद्यार्थीलाई प्रचलित कानुन, राष्ट्रिय सुरक्षा तथा गोपनीयतासम्बन्धी कानुनको अधीनमा रही स्वतन्त्र रूपमा अध्ययन, अनुसन्धान, शैक्षिक बहस तथा निष्कर्ष प्रकाशन गर्ने अधिकार हुनेछ। (२) राष्ट्रिय सुरक्षा वा गोपनीयतासँग प्रत्यक्ष सम्बन्धित संवेदनशील सूचना सार्वजनिक गर्दा प्रचलित कानुनबमोजिम आवश्यक सुरक्षा प्रक्रिया अवलम्बन गर्नु पर्नेछ। (३) विश्वविद्यालयको शैक्षिक तथा अनुसन्धान गतिविधिमा कुनै राजनीतिक, व्यक्तिगत वा अन्य अनुचित दबाब दिन पाइने छैन।

क्र.स.	माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा	संशोधनको बेहोरा
			(४) अनुसन्धानको विषय, पद्धति वा निष्कर्षमा हस्तक्षेप गर्न नहुनेछ।"
९५.	मा. गणेश पराजुली	३९	<u>दफा ३९ को सट्टा देहायको दफा ३९ राख्नुपर्ने</u>:- "३९. <u>परीक्षा प्रणाली, पाठ्यक्रम र शैक्षिक मापदण्ड</u>: (१) विश्वविद्यालयको परीक्षा प्रणाली, पाठ्यक्रम तथा शैक्षिक मापदण्ड प्राज्ञिक परिषद्ले निर्धारण गर्नेछ र विस्तृत व्यवस्था नियम/विनियमबमोजिम हुनेछ। (२) कार्यक्रमको प्रकृतिअनुसार पाठ्यक्रममा राष्ट्रिय सुरक्षा र प्रतिरक्षा, रणनीतिक अध्ययन, कूटनीति र अन्तर्राष्ट्रिय सम्बन्ध, सार्वजनिक नीति, सुरक्षा अर्थशास्त्र, ऊर्जा तथा जलस्रोत सुरक्षा, सीमा सुरक्षा, साइबर सुरक्षा, कृत्रिम बुद्धिमत्ता, सूचना युद्धरभ्रामक सूचना, उदीयमान प्रविधि, महत्वपूर्ण पूर्वाधार सुरक्षा, विपद् तथा जलवायु सुरक्षा, रणनीतिक सञ्चार र अनुसन्धान विधि समेटिनेछ। (३) संविधान, मानव अधिकार, अन्तर्राष्ट्रिय मानवीय कानुन, लोकतान्त्रिक नागरिक-सुरक्षा सम्बन्ध, विधिको शासन, नैतिक नेतृत्व र सार्वजनिक उत्तरदायित्वसम्बन्धी विषयलाई उपयुक्त कार्यक्रमहरूमा अनिवार्य मूल विषयका रूपमा समेटिनेछ। (४) आवश्यक कार्यक्रमहरूमा प्रयोगशाला, simulation, tabletop exercise, wargaming, cyber range, field exercise वा अन्य व्यावहारिक प्रशिक्षण समावेश गरिनेछ। (५) पाठ्यक्रम कम्तीमा प्रत्येक तीन वर्षमा वा सुरक्षा वातावरण/प्रविधिमा उल्लेखनीय परिवर्तन भएमा प्राज्ञिक परिषद्ले पुनरावलोकन गर्नेछ।"
९६.	मा. भरत प्रसाद पराजुली	४२	<u>दफा ४२ को सट्टा देहायको दफा ४२ राख्नुपर्ने</u>:- "४२. <u>उजुरी</u> : विश्वविद्यालयसँग सरोकार राखेका विषयवस्तु उपर पर्ने सबै प्रकृतिका उजुरी सुनुवाइको व्यवस्था नेपालका प्रचलित कानुन अनुरुप नियमित प्रकृतिका अदालत वा न्यायिक निकायहरूबाट हुनेछ।"
९७.	मा. गणेश पराजुली	४३	<u>दफा ४३ को सट्टा देहायको दफा ४३ राख्नुपर्ने</u>:-

क्र.स.	माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा	संशोधनको बेहोरा
			"४३. <u>नेपाल सरकार तथा अन्य निकायसँग समन्वय र सम्पर्कः</u> (१) विश्वविद्यालयको प्रशासनिक, बजेटीय तथा सरकारस्तरीय औपचारिक समन्वय र सम्पर्क रक्षा मन्त्रालयमार्फत हुनेछ। (२) स्वीकृत नीति र सुरक्षा मापदण्डको अधीनमा रही प्राज्ञिक, अनुसन्धान, तथ्याङ्क, प्रशिक्षण, विशेषज्ञता वा नीति संवादका विषयमा विश्वविद्यालयले परराष्ट्र, गृह, अर्थ, शिक्षा, कानुन, ऊर्जा, सञ्चार, विज्ञान-प्रविधि, विपद् व्यवस्थापनलगायत सम्बन्धित सरकारी निकाय, संवैधानिक निकाय, विश्वविद्यालय र अनुसन्धान संस्थासँग प्रत्यक्ष संस्थागत सहकार्य गर्न सक्नेछ। (३) वर्गीकृत सूचना, सैन्य सुविधा, विदेशी सुरक्षा निकाय वा संवेदनशील रक्षा सहकार्यसम्बन्धी विषयमा रक्षा मन्त्रालयसँग पूर्वसमन्वय अनिवार्य हुनेछ।"
९८.	मा. डा. राम लामा	४५	<u>दफा ४२ को सट्टा देहायको दफा ४२ राखुपर्नेः-</u> "४२. <u>शपथ लिनुपर्नेः</u> कुलपतिमा नियुक्त भएको व्यक्तिले आफ्नो पदको कार्यभार सम्हाल्नुअघि नेपाल सरकारले तोकेको पदाधिकारीसमक्ष, उपकुलपतिमा नियुक्त भएको व्यक्तिले कुलपतिसमक्ष र पदेन सदस्य बाहेकका अन्य पदाधिकारीले उपकुलपतिसमक्ष तोकिएबमोजिमको ढाँचामा शपथ लिनुपर्नेछ।"
९९.	मा. प्रा. डा. पुष्पराज कडेल	४६	<u>दफाको अन्त्यमा देहायको प्रतिबन्धात्मक वाक्यांश थप गर्नुपर्नेः-</u> "तर त्यस्तो नियम यस ऐनमा स्पष्ट रूपमा व्यवस्था गरिएको विषयमा प्रतिकूल हुने गरी बनाउन सकिने छैन।"
१००.	मा. गणेश पराजुली	४६	<u>विद्यमान व्यवस्थालाई उपदफा (१) कायम गरी देहायको उपदफा (२) थप गर्नुपर्नेः-</u> "(२) नियमले यस ऐनमा स्पष्ट रूपमा स्थापित प्राज्ञिक स्वतन्त्रता, प्राज्ञिक परिषद्को मूल अधिकार, नियुक्तिको आधारभूत योग्यता, पदबाट हटाउने मूल आधार वा अनुसन्धान/प्रकाशनमा सारभूत प्रतिबन्धको नयाँ आधार सिर्जना गर्न सक्नेछैन। त्यस्ता विषयको मूल व्यवस्था ऐनमै स्पष्ट हुनुपर्नेछ; नियमले कार्यान्वयन प्रक्रिया र प्राविधिक विवरण मात्र निर्धारण गर्नेछ।"
१०१.	मा. प्रा. डा. पुष्पराज कडेल	४८	<u>उपदफा (२) को अन्त्यमा देहायका शब्दहरू थप गर्नुपर्नेः-</u>

क्र.स.	माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा	संशोधनको बेहोरा
			- "र त्यस्तो निर्देशिका, कार्यविधि वा मापदण्ड यस ऐन तथा यस ऐनअन्तर्गत बनेको नियम र विनियमको अधीनमा रही मात्र लागु हुनेछ।"
१०२.	मा. गणेश पराजुली	४८	<u>देहायका उपदफा (३) र (४) थप गर्नुपर्नेः-</u> "(३) वर्गीकृत सूचना व्यवस्थापन, सुरक्षा स्वीकृति, सैन्य प्रतिष्ठान वा संवेदनशील सुविधा पहुँच, विदेशी रक्षा/सुरक्षा निकायसँगको संवेदनशील सहकार्य, वा राष्ट्रिय सुरक्षा जोखिम व्यवस्थापनसम्बन्धी निर्देशिका, कार्यविधि वा मापदण्ड लागु गर्नुअघि रक्षा मन्त्रालयको सहमति लिनुपर्नेछ। (४) पाठ्यक्रमको शैक्षिक विषयवस्तु, अनुसन्धान विधि, प्राज्ञिक गुणस्तर, परीक्षा, सामान्य प्रकाशन मापदण्ड वा अन्य शुद्ध प्राज्ञिक विषयमा प्राज्ञिक परिषद्बाट स्वीकृत निर्देशिका/मापदण्डका लागि उपदफा (३) को विषय नपरेसम्म रक्षा मन्त्रालयको छुट्टै पूर्वस्वीकृति आवश्यक पर्नेछैन।"
१०३.	मा. प्रा. डा. पुष्पराज कडेल	४९	<u>उपदफा (३) को अन्त्यमा देहायका शब्दहरू थप गर्नुपर्नेः-</u> - "त्यसरी सरेको चल-अचल सम्पत्ति तथा दायित्वको विवरण तयार गरी अभिलेख राखी सार्वजनिक गर्नु पर्नेछ।"
१०४.	मा. डा. राम लामा	४९	<u>देहायको उपदफा (४) थप गर्नुपर्नेः-</u> "(४) यो ऐन प्रारम्भ भएको मितिले नब्बे दिनभित्र नेपाल सरकारले दफा १९ बमोजिम कुलपतिको नियुक्ति र दफा ९क. बमोजिम गुठीको गठन गर्नुपर्नेछ। कुलपति नियुक्त नभएसम्म कुलपतिको कार्य नेपाल सरकार, मन्त्रिपरिषद्ले तोकेको सभाको सदस्यले गर्नेछ, र गुठी गठन नभएसम्म उपकुलपति र रजिस्ट्रारको नियुक्ति नेपाल सरकार, मन्त्रिपरिषद्ले तोकेबमोजिमको प्रक्रियाबाट हुनेछ।"
१०५.	मा. परशुराम तामाङ्ग	दफा थप	**नयाँ दफा. <u>समावेशी सिद्धान्त बमोजिम नियुक्ति गर्नुपर्ने</u>** : प्रतिष्ठानमा मनोनयन वा नियकुत् पदपूर्ति गर्दा नेपालको संविधानले व्यवस्था गरेको समानुपातिक समावेशी सिद्धान्त अनुसार गरिनेछ।

क्र.स.	माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा	संशोधनको बेहोरा
१०६.	मा. परशुराम तामाङ्ग		**<u>विधेयकको,</u>** - ठाउँठाउँमा रहेको "विश्वविद्यालय" भन्ने शब्दको सट्टा "प्रतिष्ठान" भन्ने शब्द राख्नुपर्ने।

प्रतिनिधि सभा नियमावली, २०८३ को नियम ११३ को उपनियम (१) मा रहेका संशोधनसम्बन्धी सर्तहरूका अधीनमा रही ऐ.ऐ. नियमको उपनियम (२) बमोजिम क्र.स. १ देखि क्र.स. १०६ सम्मका संशोधनका सूचनाहरू छलफलका लागि स्वीकृत।

.....
(डोल प्रसाद अर्याल)
सभामुख